नेपाल सरकार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

# सूचना तथा प्रसारण विभाग

## (वाटमिटर र डमीलोड खरिदसम्बन्धी सूचना)

### प्रथम पटक सूचना प्रकाशित मिति २०७७/११/२४

यस विभागको चालु आ.व. २०७७/०७८ मा खरिद गर्नुपर्ने वाटमिटर र डमीलोड खरिदको लागि सिलबन्दी दरभाउपत्र माग गरिएको छ । यसका लागि कम्पनीको अद्यावधिक इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नम्बर प्रमाणपत्र र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रहरु नोटरी पब्लिकबाट प्रमाणित गराई आवेदनसाथ दरभाउपत्र दस्तुर रु.१,०००/- (फिर्ता नहुने) तिरी १५ औं दिनसम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी १६ औं दिन दिनको १२:०० बजेभित्र दरभाउपत्र विभागमा दर्ता गर्न हुन अनुरोध छ । उक्त दरभाउपत्र १६ औं दिन २:०० बजे खोलिने छ । दरभाउपत्र दर्ता गर्ने एवं खोल्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । दरभाउपत्र दर्ताका लागि रु. २२,४२४/- (अक्षेरुपी बाइस हजार चार सय चौबीस मात्र) रकम को.ले.नि.का. काठमाडौंको नाममा नेपाल राष्ट्र बैंक बालुवाटारमा रहेको धरौटीखाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कलै भौचर वा यस विभागको नाममा 'क' वर्गको वाणिज्य बैंकले जारी गरेको न्यूनतम ९० दिन म्याद रहेको बैंक ग्यारेन्टी संलग्न राख्नु पर्नेछ । विस्तृत जानकारीका लागि यस विभागको फोन नं. ०१-४११२५५१ मा सम्पर्क गर्न सकिने छ ।